राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १७५ | २०८२ फाल्गुन २६ गते मंगलवार | (Tuesday, 10 March., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# मधेशका चार प्रदेश सांसद चुनाव लड्दा एकमात्र निर्वाचित

## पूर्वमुख्यमन्त्रीसहित दुईको जमानत जफत

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, फाल्गुन २५ गते ।*

मधेश प्रदेशसभाको सांसद पदबाट राजीनामा दिएर प्रतिनिधिसभा सदस्यका लागि चुनाव लडेका चारमध्ये तीन जना पराजित भएका छन् । उनीहरूमध्ये दुई जनाको जमानतसमेत जफत भएको छ भने एक जना मात्र निर्वाचित हुन सफल भएका छन् । प्रदेशस्तरमा प्रभावशाली मानिएका नेता चुनावी मैदानमा अपेक्षित परिणाम ल्याउन नसक्दा मधेशको राजनीतिक समीकरणमा समेत चर्चा सुरु भएको छ ।

राजीनामा दिएर चुनाव लडेका नेकपा माओवादी केन्द्रका रहबर अन्सारी भने विजयी भएका छन् । उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट बारा क्षेत्र नम्बर ४ मा उम्मेदवार बनेका थिए । अन्सारीले ४१ हजार २०० मत प्राप्त गर्दै स्पष्ट अग्रतासहित विजय हासिल गरे । उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका कृष्णकुमार श्रेष्ठले ११ हजार ६३९ मत मात्र प्राप्त गरे । अन्सारीले करिब तीन गुणा मतान्तरले जित हासिल गरेपछि सो क्षेत्रमा रास्वपाको प्रभाव उल्लेखनीय रूपमा बढेको विश्लेषण गरिएको छ ।




यता धनुषा क्षेत्र नम्बर १ मा नेकपा एमालेबाट चुनाव लडेका निवर्तमान सभामुख रामचन्द्र मण्डल भने तेस्रो स्थानमा परेका छन् । उनले ९ हजार ३१५ मत प्राप्त गरेका छन् । यस क्षेत्रमा नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार मातृकाप्रसाद यादव १० हजार ४०३ मतसहित पहिलो स्थानमा छन् भने नेपाली कांग्रेसका उम्मेदवार रामपल्टन साह ९ हजार ५०२ मतसहित दोस्रो स्थानमा रहेका छन् ।

यद्यपि, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज भएपछि यस क्षेत्रको मतगणनाको अन्तिम परिणाम भने अझै औपचारिक रूपमा सार्वजनिक गरिएको छैन । त्यसका कारण यहाँको निर्वाचन परिणामबारे औपचारिक घोषणा हुन बाँकी रहेको छ । यससम्बन्धी मुद्दा सर्वोच्चमा विचाराधिन छ । तथापि आयोगले सोमबार राति मातृकाप्रसाद यादवलाई विजयी

*- बाँकी पृष्ठ ३ मा*

# विवादबीच धनुषा-१ मा मातृका यादव विजयी घोषित



**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन २५ गते ।*

लामो समयदेखि अन्योलमा परेको धनुषा निर्वाचन क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यतर्फको मतपरिणाम अन्ततः घोषणा गरिएको छ । निर्वाचन आयोगको केन्द्रीय कार्यालयबाट आएको पत्रपछि नेकपा उम्मेदवार मातृका प्रसाद यादवलाई विजयी घोषणा गरिएको हो ।

धनुषा क्षेत्र नं.१ का निर्वाचन अधिकृत मनोजकुमार बरालका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेजसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहेकाले यसअघि विजय घोषणा रोकिएको थियो । आयोगको केन्द्रीय कार्यालयबाट रोक्का रहेको विजय घोषणा गर्न निर्देशनसहितको

*- बाँकी पृष्ठ ३ मा*




# महोत्तरीमा २० हजार मत बदर

**द पब्लिक टुडे समाचारदाता**

*महोत्तरी, फाल्गुन २५ गते ।*

प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ को मतगणना परिणामअनुसार प्रत्यक्षतर्फ महोत्तरीमा २० हजार मत बदर भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जारी गरेको अन्तिम प्रतिवेदनमा जिल्लाको चार वटै निर्वाचन क्षेत्रमा गरी १९ हजार ९३५ मत बदर भएको हो ।



क्षेत्रगत रूपमा महोत्तरीको निर्वाचन क्षेत्र नम्बर १ मा तीन हजार ९५४, निर्वाचन क्षेत्र नम्बर २ मा पाँच हजार ४४९, निर्वाचन क्षेत्र नम्बर ३ मा पाँच हजार १० र निर्वाचन क्षेत्र नम्बर ४ मा पाँच हजार ५२२ मत बदर भएको मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले बताए । चार वटा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा जम्मा चार लाख ३१ हजार २८२ मतदाता कायम गरिएकोमा प्रतिनिधिसभा सदस्य २०८२ मा जम्मा दुई लाख ६१ हजार ३४६ जनाले मतदान गरेका थिए । अर्थात ६०.५९ प्रतिशत मतदान भएको थियो । जसमध्ये दुई लाख ४१ हजार ४११ मत (९२.३७ प्रतिशत) सदर भएको थियो । १९ हजार ९३५ मत (७.६२ प्रतिशत) बदर भएको हो ।

## सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं।

- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं।
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं ।
- गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं।
- बच्चा जन्मनेवित्तिकै विगौति दुध खुवाऔं।
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

# एमालेमा ओलीको विकल्प खोजी, नीति र नेतृत्व पुनगर्ठनको बहस

फणीन्द्र नेपाल

*काठमाडौं, फाल्गुन २५ गते ।*

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीको लज्जास्पद नतिजा आएपछि नेकपा एमालेमा नीति र नेतृत्व पुनर्गठनको बहस ब्युँतिएको छ । सुशासन कायम र भ्रष्टाचार नियन्त्रणको मागसहित भदौ तेस्रो साता भएको दुई दिने जेनजी आन्दोलनपछि नेतृत्व परिवर्तनको मुद्दा मुखरर बनेपनि हतारमा ११ औं महाधिवेशन गराएर पुनः तेस्रो कार्यकाल अध्यक्षमा अनुमोदन भएका ओली त्यसलगत्तैको चुनावी नतिजामा नराम्रोसँग अस्वीकृत भएका छन् ।

कार्यकर्ताबाट अनुमोदित भएपनि जनताले ओलीको नीति र नेतृत्व दुवै अस्वीकार गरेर विकल्प रोज्न दिएको सुझावलाई मनन् गर्दै एमालेमा भित्रभित्रै यस्तो बहस चल्न थालेको हो ।




२०७९ को निर्वाचनमा समानुपातिकतर्फ सबैभन्दा बढी २८ लाखमतसहित संसद्मा दोस्रो ठुलो दल बनेको एमाले फागुन २१ मा सम्पन्न निर्वाचनमा संख्याको हिसाबले निकै तल झरेको मात्र होइन, उठ्नै नसक्नेगरी पछारिएको विश्लेषण भइरहेको छ । पार्टीको लज्जास्पद चुनावी नतिजाबारे स्वयं अध्यक्ष केपी शर्मा ओलीले अहिलेसम्म मुख खोलिसकेका छैनन् । तर एमालेका अधिकांश नेता कार्यकर्ता अध्यक्ष ओलीको नीति र नेतृत्व तथा कार्यशैलीकै कारण ठुलो क्षति व्यहोर्न बाध्य भएको ठहरसहित अब नीति र नेतृत्वको विकल्प खोज्नुपर्ने निष्कर्षमा पुगेका छन् । यद्यपि नेता-कार्यकर्ताले यो बहस पार्टीका औपचारिक कमिटीमा गर्न पाएका छैनन् ।

निर्वाचनको अन्तिम नतिजा सार्वजनिक भइनसकेको र नेता-कार्यकर्ताहरू चुनावी व्यस्तताबाट निस्कन नसकेपनि उनीहरुले

*- बाँकी पृष्ठ ३ मा*

## सम्पादकिय............

# नयाँ सरकार र अर्थतन्त्र सुधारको कार्यभार

नेपाल राष्ट्र बैंकको अर्धवार्षिक प्रतिवेदनले सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादन(जिडिपी)को ४३.७ प्रतिशत पुगेको तथ्य सार्वजनिक गरेको छ । यसले नेपालमा सरकारी ऋणको स्तर अझै व्यवस्थापनयोग्य रहेको र सरकारसंग उत्पादकत्व वृद्धि तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी बढाउने 'फिस्कल स्पेस'अझै बाँकी रहेको संकेत गर्छ । यद्यपि विश्वव्यापी भूराजनीतिक तनाव, अन्तर्राष्ट्रिय व्यापारिक अनिश्चितता तथा मुलुकभित्रको राजनीतिक संक्रमणजस्ता जोखिमले अर्थतन्त्रलाई चुनौतीपूर्ण अवस्थामा राखेको छ ।

यही जटिल आर्थिक परिवेशबीच भर्खरै सम्पन्न आमनिर्वाचनले नयाँ राजनीतिक अध्यायको सुरुवात गरेको छ । निर्वाचन परिणामले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)लाई व्यापक जनसमर्थन दिएको छ र अब बन्ने सरकार दुईतिहाइ बहुमतको उन्मुख अवस्थामा देखिएको छ । यस्तो बलियो जनादेशले स्थिर सरकार मात्र होइन, ठोस आर्थिक सुधारका निर्णय लिन सक्ने अवसर पनि दिएको छ ।

अब बन्ने सरकारले सबैभन्दा पहिले सार्वजनिक खर्चको प्रभावकारिता बढाउनेतर्फ ध्यान दिनुपर्छ । बजेट निर्माण प्रक्रियालाई परिणाममुखी बनाउँदै पूँजीगत खर्च बढाउने, पूर्वाधार विकासलाई तीव्रता दिने र उत्पादनमुखी क्षेत्र 'कृषि,उद्योग तथा पर्यटन'मा लगानी विस्तार गर्नु आवश्यक छ । यसले रोजगारी सिर्जना र आन्तरिक उत्पादन वृद्धिमा सहयोग पुर्‍याउन सक्छ । त्यसैगरी संरचनागत सुधारको निरन्तरता अर्को महत्वपूर्ण पक्ष हो । लगानी वातावरण सुधार,प्रशासनिक झन्झट कम गर्ने, निजी क्षेत्रलाई प्रोत्साहन दिने तथा वित्तीय अनुशासन कायम गर्ने नीतिहरुलाई प्राथमिकतामा राख्नुपर्छ । राजस्व आधार विस्तार गर्दै अनुत्पादक खर्च घटाउनेतर्फ पनि सरकार गम्भीर हुनुपर्छ । नयाँ सरकारले चाँडै नै आगामी बजेट निर्माणको तयारी गर्नुपर्ने भएकाले प्रारम्भिक कदमहरु नै निर्णायक हुनेछन् । बलियो जनादेशलाई आर्थिक रुपान्तरणको अवसरमा बदल्न सकियो भने मात्र जनताले दिएको विश्वास सार्थक हुनेछ । त्यसैले सतर्कता, दूरदृष्टि र स्पष्ट नीतिगत प्राथमिकतासहित अर्थतन्त्र सुधारको यात्रामा अगाडि बढ्नु आजको मुख्य आवश्यकता हो ।

## राशिफल

मेष - प्रेममा मनमुटाव हुने।
वृष - स्वास्थ्यमा ख्याल राख्नुपर्नेछ ।
मिथुन - मनोबल उच्च रहनेछ ।
कर्कट - सुखद यात्राको योग छ।
सिंह - सफलता मिल्नेछ ।
कन्या - रमाइलोमा दिन बित्ने ।
तुला - अवसर हात पार्ने समय छ ।
वृश्चिक - अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला ।
धनु - शुभ समाचार मिल्ने।
मकर - अँटेका काम पूरा हुनेछ ।
कुम्भ - समाजसेवामा ध्यान जाने।
मिन - नयाँ अवसर मिल्नेछ ।

ARMY

# गोर्खा भर्ति बारे सूचना

**छनौट योग्यतामा आधारित छ र केवल उत्कृष्ट उम्मेदवारहरू मात्र स्वीकार्य हुनेछन् ।**
**छनौट प्रक्रिया : निशुल्क, निष्पक्ष र पारदर्शी हुनेछ ।**



***गएको वर्षहरूमा जस्तै यस वर्ष पनि ब्रिटिश गोर्खा र गोर्खा कन्टिन्जेन्ट सिङ्गापुर पुलिस फोर्सले ईच्छुक युवाहरूलाई रेक्रुट इन्टेक २०२७ का लागी भर्ती गराउनेछ ।***

भर्ति हुन ईच्छुक उमेद्वारहरुले अनलाइन मार्फत नाम, थर, NPP नम्बर र जिल्ला दर्ता गराउनु पर्नेछ। अनलाइन दर्ता प्रकृया फागुनको २३ देखि चैत्रको २३ गते (7 Mar - 6 Apr 2026) सम्म सञ्चालन गरिनेछ । पहिलो चरणको छनौट (Registration) ब्रिटिश गोर्खा पोखरा र ब्रिटिश क्याम्प धरानमा २०८३ बैशाखको १५ देखी असारको १९ गते (28 Apr - 3 July 2026) सम्म र सुर्खेत (AWC Bheri) मा २०८३ बैशाखको १५ देखी जेठको २२ गते (28 Apr - 5 June 2026) सम्म सञ्चालन गरिनेछ । अनलाइन दर्ता प्रकृयामा सफल भएका आवेदकहरुलाई पहिलो चरण छनौटको लागि हाम्रो वेबसाईट www.army.mod.uk/bgn द्वारा सूचित गराईनेछ ।

*"गोर्खा भर्ती बारे जानकारीका लागि सामुदायिक प्रचार प्रसार फागुन २३ देखि चैत २३, २०८२ (7 March-6 April 2026) का बिच अधिराज्यभर आयोजना गरिनेछ।"*

तालिम केन्द्रहरुको ब्रिटिश गोर्खा र गोर्खा कन्टिन्जेन्ट सिङ्गापुर पुलिस फोर्स सँग कुनै सम्बन्ध छैन। तिनीहरू हाम्रो नियन्त्रण बाहिर रहेर व्यवसाय गर्दछन । प्रशिक्षण केन्द्रमा भर्ना हुनका लागि महँगो हुन सक्छ र गोर्खा भर्तिमा सफलताको ग्यारेन्टी छैन। यदी कसैले घुस दिएको थाहा पाएमा भर्ति हुनबाट सधैका लागि बञ्चित गरिनेछ।

भर्ति हुनका लागि कुनै पैसा लाग्ने छैन र तपाईले भ्रष्टाचारको कुनै पनि आरोपहरूको बारेमा सुन्नु भएको वा कसैले भर्ति लगाईदिन्छु भनि पैसा मागेमा पैसा नदिनुहोस् र स्थानिय प्रहरी कार्यालयमा खवर गर्नुका साथै तल दिएको इमेलको माध्यमबाट प्रमाण सहित हामीलाई जानकारी दिनुहोस् । ईमेल : gurkharecruitment@bgp.com.np

**"गोर्खा भर्तीको प्रक्रिया ब्रिटिश सेनाको कानुन अनुसार सञ्चालन गरिनेछ।"**

## ब्रिटिस गोर्खामा भर्ति हुनको निम्ति आवश्यक न्यूनतम योग्यता (इन्टेक २०२७ का लागि)

**शैक्षिक योग्यताः** कम्तिमा एस.इ.इ. उत्तीर्ण वा सो सरह (कम्पार्ट पास भए पनि हुने) । नयाँ एस.इ.इ. ग्रेडिङ प्रणालीमा न्यूनतम ५ वटा सी ग्रेडिङ हासिल गर्नेलाई मात्र मान्यता दिइनेछ। दुवै ब्रिटिस गोर्खा र सिंगापुर प्रहरीमा भर्ति हुनका लागि अंग्रेजी र गणितमा सी ग्रेडिङ अनिवार्य हुनुपर्नेछ ।
**उमेरः** सन् १ डिसेम्बर २०२६ साल सम्ममा कम्तीमा १८ वर्ष पुगेको र बढीमा २१ वर्ष ननाघेको हुनुपर्नेछ ।
**उचाईः** कम्तीमा १५८ सेन्टिमिटर हुनुपर्नेछ ।
**बि.एम.आई (BMI)ः** पहिलो चरणको छनौटमा (Registration) १७-३० र दोस्रो चरणको छनौटमा १८-२८ हुनुपर्नेछ ।
**आँखा/चश्मा/कन्ट्याक लेन्स** : चश्मा/कन्ट्याक लेन्स/लेजर सर्जरी स्वीकार्य हुनेछैन । छड्के (Cross eyes) वा डेडो आँखा नभएको वा आँखा ठूलो-सानो नभएको हुनुपर्नेछ ।
**दाँतः** दुई भन्दा बढी समस्या (No more than 2 faults) नभएको, अगाडिको कुनै पनि दाँत नक्कली (false tooth) वा किराले नखाएको, भित्र वा बाहिर ननिस्केको र नखप्टेको हुनुपर्नेछ ।
**पासपोर्टः** रजिष्टर गर्नका लागि मेसिन रिडेबल पासपोर्ट (MRP) वा ई-पासपोर्ट (Electronic passport) अनिवार्य हुनुपर्नेछ ।

*ब्रिटिस गोर्खा र सिंगापुर प्रहरीमा भर्ति हुनका लागि नेपाली नागरिक हुनुपर्नेछ।*

**सबै जानकारीका लागि हाम्रो वेवसाइट : http://www.army.mod.uk/bgn मा हेर्नुहोला ।**

# वीरगन्जको मुख्य सडक...

सीमाभित्र पर्ने संरचनामा क्षतिपूर्ति दिनुपर्ने माग अस्वीकार गर्दै सडक विस्तारलाई कानुनसम्मत ठहर गरेको छ ।

त्रिभुवन राजपथको वीरगन्ज खण्ड विस्तार रोक्न स्थानीय भरतप्रसाद रौनियार, भोलाशंकर रौनियार, शान्तिदेवी रौनियार, परमानन्दप्रसाद साह तेली, कुन्दनकुमार रौनियार, विमलकुमार अग्रवाल, अशोककुमार अग्रवाल, पवनकुमार अग्रवाल, पंकज मित्तल, मदनप्रसाद रौनियार, मनोज राउत कुर्मी, सवितादेवी कुर्मी, कमल राउत कुर्मी र मुसलमी अन्सारीलगायतले रिट दायर गरेका थिए ।

रिटमा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, प्रमुख जिल्ला अधिकारी पर्सा, जिल्ला प्रहरी कार्यालय पर्सा र मालपोत कार्यालय पर्सालाई समेत विपक्षी बनाइएको थियो ।

रिट निवेदकहरूले सडक विस्तार गर्दा जग्गा प्राप्ति ऐन २०३४ र सार्वजनिक सडक ऐन २०३१ अनुसार प्रक्रिया अपनाइएको छैन भन्दै घरजग्गा भत्काउने निर्णय बदर गर्न माग गरेका थिए । उनीहरूले संविधानको समानताको हक र सम्पत्तिको हक उल्लंघन भएको दाबी गर्दै मुआब्जा समेत माग गरेका थिए ।

सर्वोच्च अदालतले भने विपक्षी सरकारी निकायहरूको तर्कलाई मान्यता दिएको छ । अदालतका अनुसार त्रिभुवन राजपथको सडक सीमा केन्द्रबिन्दुबाट दायाँ-बायाँ २५-२५ मिटर २०२१ मंसिर ११ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाबाटै निर्धारण भइसकेको थियो ।

यसलाई २०३४ चैत २० गतेको अर्को राजपत्र सूचनाले पनि पुष्टि गरेको उल्लेख गर्दै अदालतले उक्त क्षेत्र सार्वजनिक सडकको भाग भएको ठहर गरेको छ। यस आधारमा उक्त क्षेत्रमा पर्ने संरचनामा क्षतिपूर्ति दिनु नपर्ने निष्कर्ष अदालतले निकालेको छ। अदालतले सडक विभागले २०७६ असार ६ गते सार्वजनिक गरेको सूचना पनि कानुनसम्मत भएको ठहर गरेको छ। नगरपालिकाबाट नक्सा पास भए पनि सडक विभागको स्वीकृतिविना सडक सीमाभित्रका संरचना वैध नहुने व्याख्या पनि फैसलामा गरिएको छ।

अन्ततः पाँचवटै रिट खारेज भएपछि त्रिभुवन राजपथअन्तर्गत वीरगञ्ज महानगरको गण्डक चोकदेखि पावरहाउस चोक, घण्टाघर, आदर्शनगर, रजतजयन्ती चोक हुँदै मितेरी पुलसम्मको सडक विस्तारको बाटो खुलेको छ। लामो समयदेखि अदालतमा मुद्दा परेकै कारण वीरगन्जको मुख्य सडक विस्तार रोकिएको थियो । यसबीचमा पथलैया, सिमरा, जीतपुर र परवानीपुर क्षेत्रमा भने राजपथ २५-२५ मिटर विस्तार भई ६ लेन सडक निर्माण भइसकेको छ।

वीरगन्ज महानगरभित्रको मुख्य सडक भने करिब २ दशकदेखि विस्तार हुन नसक्दा सहरको स्वरूप प्रभावित हुँदै आएको थियो । घण्टाघरदेखि नेपाल-भारत सीमासम्मको खण्ड अत्यन्त व्यस्त हुने भएकाले दैनिक जाम र पार्किङ समस्या पनि देखिँदै आएको छ । सडक विस्तार भएपछि वीरगञ्जको यातायात व्यवस्थापन सहज हुने, व्यापारिक गतिविधि बढ्ने र सहरको स्वरूप सुधारिने अपेक्षा गरिएको छ । सडक छेउका केही घरधनीहरूले भने आफूहरू विस्थापित हुने भन्दै वैकल्पिक व्यवस्थाको माग गरेका छन् । कान्तिपुर

# विवादबीच धनुषा-१ मा मातृका...

पत्र प्राप्त भएपछि आफूहरूले नेकपा उम्मेदवार मातृका प्रसाद यादवलाई विजयी घोषणा गरेको उनले जानकारी दिए ।

गत फागुन १९ गते निर्माण कम्पनीसँग सम्बन्धित विषयमा निर्वाचन आयोगमा उम्मेदवार साह कालोसूचिमा रहेको उजुरी परेपछि रास्वपाका उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज गरिएको थियो ।

आयोगको उक्त निर्णयविरुद्ध साह अदालत पुगेका थिए। सोही विषयमा अदालतले सोमबार कारण देखाउ आदेश जारी गरेको छ ।

उम्मेदवारी विवाद सर्वोच्च अदालतमा पुगेपछि धनुषा-१ को मतपरिणाम घोषणा केही समयदेखि रोकिएको थियो ।

विवादका कारण निर्वाचन अधिकृतको कार्यालयले मतगणना सम्पन्न भए पनि औपचारिक रूपमा विजयी घोषणा गर्न सकेको थिएन ।

निर्वाचन आयोगबाट स्पष्ट निर्देशन आएपछि मात्र परिणाम सार्वजनिक गरिएको हो ।

निर्वाचन अधिकृत बरालका अनुसार रास्वपाका उम्मेदवार साहका मतपत्र भने गोप्य राखिएको छ । अदालतमा मुद्दा विचाराधीन रहेकाले ती मतपत्रलाई अलग राखिएको उनले बताए ।

मतपरिणामअनुसार नेकपा उम्मेदवार मातृका प्रसाद यादवले १० हजार ४२८ मत प्राप्त गर्दै विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार रामपल्टन साहले ९ हजार ४८५ मत प्राप्त गरेका छन् ।

नेकपा एमालेका उम्मेदवारले ९ हजार २२० मत प्राप्त गर्दै तेस्रो स्थान हासिल गरेका छन् ।

लामो समयसम्म मतपरिणाम घोषणा नहुँदा धनुषा-१ मा राजनीतिक तथा कानुनी बहस चर्किएको थियो ।

# मधेशका चार प्रदेश सांसद...

घोषित गर्दै निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेका छन् । जसको दुईधारमा बहस चलिरहेको छ ।

यसैगरी सप्तरी-२ बाट उम्मेदवार बनेका मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत सिंहको जमानत नै जफत भएको छ ।

उक्त क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका रामजी यादव २८ हजार ४०४ मत प्राप्त गर्दै विजयी भएका छन् । सिंह भने ३ हजार ५५७ मतसहित चौथो स्थानमा सीमित भए ।

सिंहले प्राप्त गरेको मत कुल सदर मतको ५.६७ प्रतिशत मात्र हो । निर्वाचन कानुनअनुसार कुल सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको जमानत जफत हुने व्यवस्था रहेको छ । सो क्षेत्रमा कुल ६२ हजार ७८३ सदर मत खसेको थियो ।

त्यसैगरी महोत्तरी-४ मा चुनाव लडेका नेकपा माओवादी केन्द्र संसदीय दलका नेता भरतप्रसाद साहको पनि जमानत जफत भएको छ । उक्त क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीकी गौरी कुमारी ३० हजार १३२ मत ल्याउँदै निर्वाचित भइन् ।

त्यहाँ पाँचौँ स्थानमा रहेका साहले ५ हजार ३३६ मत मात्र प्राप्त गरे । उक्त क्षेत्रमा कुल ५९ हजार ५४५ सदर मत खसेको थियो । त्यसको १० प्रतिशतभन्दा कम मत प्राप्त गरेपछि उनको जमानत जफत भएको हो । साह मधेश प्रदेशका पूर्वअर्थमन्त्री तथा गृहमन्त्री समेत हुन् ।


“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

९८४४३१२२४६

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय :
प्रत्येक दिन बिह(
न ९ बजेदेखि साँझ ५
बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।


# एमालेमा ओलीको विकल्प...

व्यक्तिगत रुपमा सामाजिक सञ्जाल र सञ्चारमाध्यम मार्फत आफ्ना धारणा सार्वजनिक गरेर नीति र नेतृत्व पुनर्गठनको बहस र चर्चामा ल्याएका हुन् । उपमहासचिव योगेश भट्टराई स्वयं चुनावी नतिजाले एमालेको नीति र नेतृत्व दुवै अस्वीकृत गरेको स्विकार्छन् ।

‘निर्वाचनमा आफ्नो मतमार्फत जनताले हाम्रो नीति र नेतृत्वलाई शान्तिपूर्ण रूपले अस्वीकृत गरेका छन् । यो आजको वस्तुगत यथार्थ हो,’ भट्टराई भन्छन्, ‘हामीले आफूभित्र सर्वाङ्गीण रूपान्तरण मार्फत जनसमर्थन पुनः आर्जनको बाटो लिनुपर्छ ।’

भट्टराईले भदौ २३ र २४ पछि पार्टीले लिएको नीतिप्रति असहमति पार्टी बैठक र ११ औं राष्ट्रिय महाधिवेशनमा राखेपनि अस्वीकृत भएको भन्दै उक्त बहस अब पुनः खुला गर्नुपर्ने समय आएको बताएका छन् । नीति र नेतृत्वबारे बहस गरेर अघि बढ्दा एमाले फेरि उठ्ने भट्टराईको विश्वास छ ।

एमालेका एक पदाधिकारीका अनुसार एमालेले चुनावमा व्यहोरेको हारको जिम्मेवारी अध्यक्ष ओलीले लिएर तत्काल राजीनामा दिनु पार्टी र ओली स्वयंका लागि हितकर हुनेछ ।

‘चुनावमा हामीले नराम्रो धक्का खायौं, यो हालत हुनुमा धेरै कारणमध्ये एक कारण अध्यक्षको अहंकार, दम्भ र एकात्मक कार्यशैलीको उपज हो’, ती पदाधिकारीले रातोपाटीसँग भने, ‘यस्तो धक्का खाएपछि अध्यक्ष ओलीले नैतिकता देखाएर तत्काल राजीनामा दिनुपर्छ ।’

त्यसो त जेनजी आन्दोलनलाई हेर्ने दृष्टिकोणका सवालमै एमालेमा दुई धार रहँदै आएको थियो । एक पक्षले जेनजी आन्दोलनलाई स्वाभाविक भनेका थिए भने ओलीले पार्टीमा रहेको बहुमतका आडमा उक्त आन्दोलनलाई अपराधीकरण र विदेशी उक्साहटको संज्ञा दिँदै आएका थिए । त्यति मात्रै होइन, चुनावमा देश जलाउने र बनाउनेबिचको प्रतिस्पर्धा भनेर जबर्जस्त व्याख्या गराएका ओलीले अन्ततः चुनावमा आफू मात्रै हारेनन्, समग्र एमाले पार्टीलाई नै रसातलमा पुऱ्याउन भूमिका खेले । ओलीको यही सोच, व्यवहार र कार्यशैलीलाई जनताले ब्यालेट मार्फत जवाफ दिएर सिंगो एमालेलाई सोच्न बाध्य बनाएका छन् ।

एमाले नेता आनन्द पोखरेल त चुनावी नतिजा र फेरिएको अवस्थाबारे अध्यक्ष ओली आफैं बोल्नुपर्ने बताउँछन् ।

‘डाइनामिक लिडरसिप, राजनीति बुझेको, मोरल ग्राउन्ड बुझेको तथा विचार र दर्शन दिने मान्छेले आफैंले अनुभूति गरेर समग्र प्रक्रियाका बारेमा आफैं बोल्नुहुन्छ भन्ने मेरो विश्वास छ’, पोखरेलले रातोपाटीसँग भने, ‘त्यसकारण हामीले नेतालाई व्यक्तिगत तवरले होस् वा दायाँबायाँ हेर्न नसक्ने बनाउनेमा त म पनि हुनसक्छु नि !’

यो चुनावमा हार्ने ठाउँ नै बाँकी नरहने गरी पार्टी पराजित भएको अवस्थामा अध्यक्षसहित नेतृत्वले त्यो नैतिकता देखाउनुपर्ने पोखरेलको भनाइ छ । चुनावमा टिकट वितरणमा भएको त्रुटि, पूर्व राष्ट्रपति विद्या भण्डारीको पार्टी सदस्य खोस्नु र इतर पक्षलाई ओलीका वरिपरि बस्नेले गरेको पक्षपातपूर्ण व्यवहारले पनि चुनावमा एमाले धुलिसात हुन पुगेको धेरैजसो एमाले नेता-कार्यकर्ताको बुझाइ छ ।

यस्तो अवस्थामा अध्यक्ष ओलीको राजीनामा माग्ने हिम्मत एमाले नेता-कार्यकर्तामा छ त ? नेता पोखरेल भन्छन्, ‘बैठक बस्न नदिनुस् न ।’

एमाले नेताहरु भट्टराई र पोखरेल मात्र होइन, ओली निकट मानिएका उपाध्यक्ष विष्णु पौडेलले समेत देशभर पार्टीले व्यहोरेको पराजयसँगै पार्टीको नेतृत्व, नीति र कार्य सम्पादनबारे गम्भीर समीक्षा गरेर आवश्यक निर्णय लिनुपर्ने प्रतिक्रिया दिएका छन् ।

उपाध्यक्ष पौडेलले देशभरको निर्वाचनको परिणाम आएपछि पार्टीले गहिरो गरी आत्मसमीक्षा गर्ने बताएका छन् । ‘अब हामी राष्ट्र र जनताको भावना अनुसार पार्टीको नेतृत्व, नीति र कार्य सम्पादनका तरिकाबारे छिट्टै उपयुक्त निर्णय गर्नेछौं’, निर्वाचनको नतिजा आउँदै गर्दा पौडेलले भनेका थिए ।

एमाले बुझेका तथा राजनीतिक विश्लेषक समेत रहेका प्राध्यापक कृष्ण पोखरेल एमाले अध्यक्ष ओली हरेक हिसाबले असफल भएको विश्लेषण गर्छन् । ओलीले महाधिवेशन गरेर नयाँ नेतृत्व देखाउने प्रयास गरेपनि त्यसले नीति र नेतृत्व परिवर्तन गर्न नसकेको पोखरेलको बुझाइ छ ।

‘जुन परिस्थितिमा एमाले महाधिवेशन भयो त्यो नीति र नेतृत्व परिवर्तन गर्ने भन्दा पनि कर्मकाण्डी हिसाबले ओली आफैंलाई देवत्वकरण गर्ने हिसाबले गरियो’, पोखरेलले रातोपाटीसँग भने, ‘त्यो महाधिवेशनले न त कार्यकर्तामा ऊर्जा भऱ्यो न आम जनमानसमै सकारात्मक प्रभाव नै पाऱ्यो ।’

ओलीको यो कार्यशैली र व्यवहारको चुनावमा जनताले जवाफ दिएको पोखरेलको विश्लेषण छ । एमालेमा मात्र नभएर पुराना सबै पार्टीहरुमा नीति र नेतृत्व पुनर्गठनको आवश्यकता चुनावी नतिजाले औंल्याइदिएको पोखरेलको विश्लेषण छ ।

‘एमाले मात्र होइन, सबै पार्टीमा यो जरुरी छ’, पोखरेलले चुनावमा एमाले रसातालमा पुग्नुमा ओलीको आत्मकेन्द्रित कार्यशैली र मैले जे गरेपनि हुन्छ भन्ने सोचको परिणाम हो ।’

पोखरेल पछिल्लो धक्काबाट एमाले माथि उठ्न निकै ठुलो परिश्रम र समय लाग्न सक्ने बताउँछन् । ‘कांग्रेस लिबरल डेमोक्रेसीलाई फलो गर्ने पार्टी भएकाले उसलाई उठ्न त्यति धेरै कठिन नहोला, तर कम्युनिस्टहरु उठ्न मुस्किल हुन्छ’, उनी भन्छन् । पोखरेल ढलेका कम्युनिस्टहरुलाई उठ्न ढलेको हात्ती उठ्नु सरह हुने टिप्पणी गर्छन् । ‘हात्ती ढल्यो भने हत्तपत्त उठ्दैन । कम्युनिस्टहरुलाई पनि ढलेपछि उठ्न गाह्रो हुन्छ’, पोखरेल भन्छन् ।

# मध्यपूर्व युद्धका कारण कच्चा...

प्रयोजनका लागि प्रयोग भइरहेको दाबी गरेको छ । यसबीच इराक, कुवेत र संयुक्त अरब इमिरेट्सले तेल निर्यातमा समस्या देखिएपछि उत्पादन घटाएका छन्, जसले विश्व बजारमा आपूर्ति कम हुने चिन्ता बढाएको छ ।

इरानले दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने गर्छ, जसको ठूलो हिस्सा चीनले खरिद गर्छ ।

यदि युद्धका कारण इरानको निर्यात प्रभावित भयो भने चीनले अन्य देशबाट तेल खोज्नुपर्ने अवस्था आउन सक्छ, जसले विश्व बजारमा थप दबाब सिर्जना गर्न सक्छ । यसैबीच प्राकृतिक ग्यासको मूल्य पनि केही बढेको छ, यद्यपि तेलको जस्तो ठूलो वृद्धि भने देखिएको छैन ।

तेलको मूल्य तीव्र रूपमा बढेपछि विश्व अर्थतन्त्रमा असर पर्ने चिन्ता बढेको छ ।

ऊर्जा महँगो हुँदा महँगी बढ्ने र उपभोक्ताको खर्च घट्ने सम्भावना हुन्छ । यसले विश्वका प्रमुख शेयर बजारहरूमा पनि असर परेको छ । जापानको निक्केई २२५ सूचकांक सोमबार ७ प्रतिशतभन्दा बढीले घटेको छ भने अन्य देशका बजार हरूमा पनि गिरावट देखिएको छ । विश्लेषकहरूले तेलको मूल्य लामो समयसम्म १०० डलरभन्दा माथि रहिरहेमा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्न सक्ने चेतावनी दिएका छन् ।

# ओली, लेखक र खापुङलाई...

सबैलाई कारबाही गर्न सिफारिस गरिएको छ । यस्तै २४ गते प्रहरी हत्या, देशका महत्वपूर्ण संरचनामा आगजनी, तोडफोड र लुटपाट जस्ता आपराधिक गतिविधिमा संलग्नलाई पनि कानुनी दायरामा ल्याउन आयोगले सिफारिस गरेको छ । आयोगले आफ्नो प्रतिवेदन सार्वजनिक गरेर कार्यान्वयन गर्न पनि प्रधानमन्त्री कार्कीलाई भनेको छ । प्रधानमन्त्रीले पनि सार्वजनिक गर्ने वचन दिएकी छन् । प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलका अनुसार अब बस्ने मन्त्रिपरिषद् बैठकमा प्रतिवेदन पेस हुनेछ । ‘अहिलेसम्म प्रतिवेदन हेरिएको छैन । अब बस्ने मन्त्रिपरिषद् बैठकमा पेस हुन्छ र त्यसपछि कार्यान्वयनबारे निर्णय हुन्छ,’ रावलले भने ।

सरकारले मन्त्रिपरिषद् बैठकपछि सम्बन्धित निकायलाई प्रतिवेदन कार्यान्वयनका लागि निर्देशनात्मक आदेश गर्नेछ । यस्तै प्रतिवेदन सार्वजनिकबारे पनि निर्णय गर्नेछ । यसअघि आयोगमा बयान दिँदा यी तीनै जनाले गोली चलाउन कुनै पनि आदेश नदिएको दाबी गरेका थिए । उनीहरूले अस्वीकार गरे पनि आयोगले भने दफा किटान गर्दै कारबाही सिफारिस गरेको हो । आयोगको प्रतिवेदनबारे तत्कालीन गृहमन्त्री रमेश लेखकले अहिलेसम्म कुनै पनि जानकारी नभएको प्रतिक्रिया दिए ।

‘आयोगले सरकारलाई बुझाएको प्रतिवेदन सार्वजनिक नभएकाले अहिले मेरो कुनै टिप्पणी छैन । प्रतिवेदन कसरी आउँछ, त्यही अनुसार कानुनी र राजनीतिक हिसाबले अगाडि बढ्ने कुरा छँदैछ,’ लेखकले भने ।

# मध्यपूर्व युद्धका कारण कच्चा तेलको मूल्यमा तीव्र वृद्धि



**राष्ट्रिय समाचार समिति**

*गौशाला, फाल्गुन २५ गते ।*

इरानसँगको युद्ध चर्किँदै गएपछि विश्व बजारमा कच्चा तेलको मूल्य तीव्र रूपमा बढेको छ । सोमबार अन्तर्राष्ट्रिय बजारमा ब्रेन्ट कच्चा तेलको मूल्य प्रति ब्यारेल ११५ डलरभन्दा माथि पुगेको छ, जुन अघिल्लो हप्ताको अन्त्यतिरको मूल्यभन्दा करिब २४ प्रतिशत बढी हो । अमेरिकामा उत्पादन हुने वेस्ट टेक्सास इन्टरमिडिएट (डब्लुटीआई) कच्चा तेलको मूल्य पनि प्रति ब्यारेल करिब ११६ डलर पुगेको छ, जुन अघिल्लो मूल्यभन्दा झन्डै २८ प्रतिशतले बढेको हो ।

मध्यपूर्व क्षेत्रमा जारी युद्धका कारण तेल उत्पादन र ढुवानीमा ठूलो जोखिम उत्पन्न भएपछि विश्व बजारमा तेलको मूल्य ह्वात्तै बढेको हो । विशेषगरी पर्सियन गल्फ क्षेत्रबाट विश्वभर तेल पठाउने प्रमुख समुद्री मार्ग स्ट्रेट अफ होर्मुज अहिले असुरक्षित बनेको छ । यो मार्गबाट दैनिक करिब १५ मिलियन ब्यारेल कच्चा तेल ढुवानी हुने गर्छ, जुन विश्वको कुल तेल आपूर्तिको करिब २० प्रतिशत हो । युद्धका कारण मिसाइल र ड्रोन आक्रमणको खतरा बढेपछि धेरै तेल ट्याङ्करहरू यो मार्ग प्रयोग गर्न डराउन थालेका छन् ।

युद्धका क्रममा तेल तथा ग्यासका संरचनाहरू पनि निशानामा परेका छन् । इजरायलले तेहरानमा रहेको तेल भण्डारण स्थलमा आक्रमण गर्दा चार जनाको मृत्यु भएको इरानी अधिकारीहरूले बताएका छन् । इजरायलले भने ती भण्डारण स्थलहरू इरानको सैन्य

*- बाँकी पृष्ठ ३ मा*

### जेनजी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन

# ओली, लेखक र खापुङलाई ३ देखि १० वर्षसम्म कैद हुने कसुरमा सजाय गर्न सिफारिस

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन २५ गते ।*







जेनजी आन्दोलन जाँचबुझ आयोगले तत्कालीन सरकार प्रमुख केपी शर्मा ओलीसहितलाई ज्यान सम्बन्धी कसुरमा कारबाही गर्न सिफारिस गरेको छ । साढे ५ महिनाअघि बनेको जाँचबुझ आयोगले आइतबार प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाएको छ ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगलाई भदौ २३ र २४ गतेका घटना जाँचबुझ गरी सत्यतथ्य पत्ता लगाएर कारबाहीका लागि सिफारिस गर्न सक्ने अधिकार दिइएको थियो ।

उक्त प्रतिवेदनले तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री रमेश लेखक र प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङलाई दफा नै तोकेर कारबाही सिफारिस गरेको हो । आयोग स्रोतका अनुसार प्रधानमन्त्री ओली, तत्कालीन गृहमन्त्री लेखक र तत्कालीन आईजीपी खापुङलाई फौजदारी अपराध संहिता २०७४ को दफा १८१ बमोजिम कारबाही सिफारिस गरेको छ ।

आयोगले सिफारिस गरेको यो दफामा ‘लापरबाहीपूर्ण काम गरी मार्न नहुने’ भन्ने उल्लेख छ । सोही दफाको उपदफा (२) मा भनिएको छ, ‘(१) बमोजिम कसुर गर्ने व्यक्तिलाई दफा १७७, १७८ र १७९ को अवस्थामा बाहेक तीन वर्षदेखि दस वर्षसम्म कैद र ३० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।’

तर आयोगले भनेको १७७ र १७८ अनुसार कसुर भएको ठहरेमा सजाय थप हुनेछ भने यही दफाको १७९ अनुसार कसुर भएको पाइएमा सजाय नहुन सक्छ ।

१७९ को (१) मा कसैले कानुनको पालना गर्दा, निजी रक्षाको अधिकारीको प्रयोग गर्दा, कुनै राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्यको पालना गर्दा वा पालना गर्न लागेको कुनै कामबाट कसुरदार उत्तेजित हुन गएमा यो खण्ड लागू नहुने भन्ने उल्लेख छ ।

आयोगले यी तीन जनालाई यस्तो कारबाही गर्न र अन्यलाई पनि विभिन्न कसुरमा अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको छ । आयोगको सूचीमा तत्कालीन काठमाडौँका प्रमुख जिल्ला अधिकारी छवि रिजाल, प्रहरी प्रमुख तत्कालीन एसएसपी (हालका डीआईजी) विश्वराज अधिकारी लगायत जिल्ला सुरक्षा समितिका अधिकारीहरूलाई पनि कसुर अनुसार छुट्टाछुट्टै कारबाही सिफारिस गरिएको छ । तर आयोगले बुझाएको प्रतिवेदन भने सार्वजनिक गरिएको छैन ।

प्रतिवेदनमा २३ गतेको प्रहरी दमनमा क-कसको संलग्नता छ, त्यसको किटान गरेरै र २४ गतेको घटनामा पनि संलग्नहरूको किटान गरेरै प्रतिवेदन बुझाएको आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले बताए ।

२३ गतेको प्रदर्शनमा गोली चलाउने र चलाउन आदेश दिने कुरामा ज-जसको संलग्नता छ, उनीहरूलाई कानुनी कारबाही गर्न सिफारिस गरेको अध्यक्ष कार्कीले बताए । उनका अनुसार २३ गते गोली चलाउने, गोली चलाउन आदेश दिने र गोली चलाउन नरोक्ने

*- बाँकी पृष्ठ ३ मा*

# वीरगन्जको मुख्य सडक विस्तारको बाटो खुल्यो

**द पब्लिक टुडे समाचारदाता**

*पर्सा, फाल्गुन २५ गते ।*



त्रिभुवन राजपथअन्तर्गत वीरगन्ज महानगर क्षेत्रका मुख्य सडक विस्तारसम्बन्धी लामो समयदेखि चलिरहेको कानुनी विवाद अन्ततः टुंगिएको छ । विवादपछि दायर आधा दर्जन रिट निवेदन सर्वोच्च अदालतले खारेज गरेपछि अब वीरगन्जको मुख्य सडक विस्तारको बाटो खुलेको हो ।

वीरगन्ज महानगरपालिका कार्यालयको कानुनी शाखाका अधिकृत अधिवक्ता धनबहादुर थापाका अनुसार, गतवर्ष २८ फागुनमा न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले रिट निवेदन खारेज गर्ने फैसला सुनाएको थियो । उक्त फैसलाको पूर्णपाठ आइतबार सार्वजनिक भएको हो । फैसलाको पूर्णपाठ आएसँगै सडक विभागलाई वीरगन्जको मुख्य सडक विस्तारसम्बन्धी काम अगाडि बढाउन कानुनी बाटो खुलेको हो । पूर्णपाठमा आदालतले सडक

*- बाँकी पृष्ठ ३ मा*

# पूर्वमन्त्रीसहित ११ जनालाई कारबाही सिफारिस

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुर, फाल्गुन २५ गते ।*

२१ फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टी उम्मेदवारलाई असहयोग गरेको आरोपमा सिरहा-१ नेपाली कांग्रेस क्षेत्रीय कार्यसमितिले पूर्वमन्त्री पदम नारायण चौधरीसहित ११ जनामाथि कारबाहीका लागि सिफारिस गरेको छ । उनीहरूलाई पाँच वर्षसम्म साधारण सदस्यसमेत नरहने गरी कारबाही गर्न केन्द्रीय अनुशासन समितिमा सिफारिस गरिएको क्षेत्रीय सभापति महेश प्रसाद चौधरीले जानकारी दिए । पदम नारायण चौधरी नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य समेत हुन् । कारबाही सिफारिसमा पर्नेहरूमा महाधिवेशन प्रतिनिधि सन्तोष चौधरी, नेपाल थारू संघका जिल्ला अध्यक्ष अजय चौधरी, क्षेत्रीय सहसचिव मुकेश महतो, क्षेत्रीय सदस्य कन्हैयाप्रसाद गुप्ता, नेपाल लोकतान्त्रिक खेलकुद संघका अध्यक्ष आनन्द चौधरी, जिल्ला सदस्य रामगणेश दास, महाधिवेशन प्रतिनिधि गौरी चौधरी, लहान-१० का बुथ सभापति अम्बराज मिश्र, लहान-२० का बुथ सभापति विनोद साह तथा क्षेत्रीय सदस्य गोपालकृष्ण यादव रहेका छन् । सिरहा-१ बाट नेपाली कांग्रेसका उम्मेदवार रामसुन्दर चौधरी चुनावी मैदानमा थिए । कारबाही सिफारिसमा परेका व्यक्तिहरूमाथि चुनावका बेला पार्टी उम्मेदवारलाई असहयोग गर्दै रास्वपा, जनमत पार्टी तथा स्वतन्त्र उम्मेदवारलाई सहयोग गरेको आरोप रहेको क्षेत्रीय सभापति चौधरीले बताए ।




पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री